**लिखु गाउँपालिका यसम, ओखलढुंगा**

**कोशी प्रदेश**

# स्थानीय राजपत्र

**लिखु गाउँपालिकाद्वारा प्रकाशित**

| खण्डः- ८ | संख्याः- ३ | मितिः- २०८१/०८/०८ |
| --- | --- | --- |


नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ उपदफा ३ को उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि गाउँपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले लिखु गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१" को** दफा ११ को

(१) उपदफा १२ मा रहेको "रु. ३ लाख वा सो भन्दा कम " भन्ने शब्दहरुमा "रु २ लाख वा सो भन्दा कम " शब्दहरु राखिएका छन् ।

(२) उपदफा १३ मा रहेको "रु. ३ लाख भन्दा बढी " भन्ने शब्दहरुमा "रु २ लाख वा सो भन्दा बढी" शब्दहरु राखिएका छन् ।

आज्ञाले,
अर्जुनकुमार राउत
प्रमुख प्रशासकीय अधिकृत
मितिः- २०८१/०८/०८